"समृद्ध नगर, खुसी नगरबासी"
गुर्भाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शमाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

Email: sktgurbhakotmun@gmail.com
website: gurbhakotmun.gov.np
☎ 083:410072

२०७३

**कवाडी उठाउने सम्बन्धी प्रस्ताव आव्हान गरिएको ।**

**प्रथम पटक प्रकाशित मितिः २०७८/०४/१२**

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०७८/०४/११ गतेको बैठकको निर्णयानुसार गुर्भाकोट नगरपालिकाको सार्वजनीक खरिद नियामावली, २०७७ को परिच्छेद १२ नियम १३७ बमोजिम तल उल्लेखित आन्तरीक कर अशुली गर्न आ.व. २०७८/०७९ को लागि कवाडी ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा यो सूचना प्रकाशन गरिएको छ । यस प्रस्ताबमा भाग लिन चाहने प्रचलित कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका इच्छुक व्यवसायी वा व्यक्तिहरुले सूचना प्रकाशन भएको मिति ७ (सात) दिन भित्र यस कार्यालयमा तपशिल अनुसारको शर्तको अधिनमा रहि प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. आफुले लिन चाहेको ठेक्का र कबुल गरेको ठेक्काल रकम स्पस्ट बुझिने गरी अंक र अक्षरमा खुलाई सहि छाप गरी आफै वा आफ्नो प्रतिनिधीद्वारा ठेक्का नम्बर उल्लेख गरी शिलबन्दी प्रस्ताब पत्र पेश गर्नुपर्दछ ।
२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।
३. म्याद नाघी वा रित नपुगी प्राप्त भएको प्रस्ताव पत्र उपर कारबाही हुने छैन ।
४. प्रस्ताव पत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन सम्म मूल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्र समेत लिई ठेक्का अंकको प्रथम किस्ता वापतको ५०% रकम अग्रीम कर र बाँकी ५० % रकम बराबरको मन्यता प्राप्त बाणिज्य बैंकबाट यस नगरपालिकाको नाममा जारी भएको २०७९ साल असाढ मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (Performance Bond) समेत पेश गरी ठेक्का सम्झौता गर्नु पर्नेछ ।
५. प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता स्वयम् वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताब पत्र खोल्न बाँधा पुग्ने छैन ।
६. कबुल अंक एकमुष्ठ रुपमा अग्रिम दाखिला गरेमा ५ प्रतिशत रकम छुट दिइनेछ ।
७. प्रस्ताव पत्र गुर्भाकोट नगरकार्यपालिकाको कार्यालयबाट मिति २०७८।०४।१८ गते सम्म कार्यालय समयमा खरिद गर्न सकिने छ ।
८. प्रस्ताव दाखिला गर्ने अन्तिम मिति २०७८/०४/१९ गते दिनको १२:०० बजे सम्म हुनेछ ।
९. प्रस्ताव मिति २०७८/०४/१९ गते दिनको २:०० बजे खोलिने छ । प्रस्ताब स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहने छ । अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभाबग्राही प्रस्तावलाई स्वीकृत गरिने छ ।
१०. यो सूचनामा उल्लेखित भएको कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछन् ।
११. प्रस्तावपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

तपशिलः

| क्र.स. | आय ठेक्का | शिर्षक | न्यूनतम ठेक्का अंक मु.अ. कर बाहेक वार्षिक आ.व २०७८/०७९ | कैफियत |
|---|---|---|---|---|
| १ | २०७८/०७९-०१ | गुर्भाकोट नगरपालिका भित्रका कवाडी सामान उठाउने सम्बन्धी ठेक्का । | ७०,०००।(अक्षरुपी सत्तरी हजार मात्र ) | रु. १००० को राजश्व दाखिला गरी प्रस्ताब पत्र खरिद गर्नुपर्ने छ । |

...क बहादुर खत्री
प्रमुख प्रशासकिय अधिकृत